# टेलिकमको भविष्य र कर्मचारीको भूमिका



राजाराम शर्मा

नेपाल टेलिकम नेपालकै सर्वोत्कृष्ट संस्थाको रुपमा स्थापित भइसकेको घडीमा अन्य दुई प्रतिस्पर्धीहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता छ, अब हिजोझैं एकाधिकार रहेन । प्रतिस्पर्धी संस्था आकार र भौतिक संरचनाको दाँजोमा टेलिकमभन्दा धेरै साना भए पनि शक्तिमा त्यति कमजोरचाहिँ बुझ्नु मूर्खता हुनेछ । कानुनीरुपमा टेलिकम स्वतन्त्र भए पनि व्यवहारमा हातखुट्टा साङ्लोले बाँधेको कैदीजस्तो छ । प्रतिस्पर्धीहरुलाई शतप्रशित लोकतन्त्र प्राप्त छ । आखिर जेसुकै भए पनि प्रतिस्पर्धी हाम्रा सहयात्री हुन्, स्वीकार्नु पर्दछ । तर तिनीहरुबाट हुने फोहोरी प्रतिस्पर्धाबाट सचेत रहनुपर्छ । नेपाल टेलिकम 'गुणस्तरीय सञ्चार, जनताको आधार' भन्ने कुरालाई आत्मसात् गरी स्वस्थ प्रतिस्पर्धाको अगुवाइ गर्न चाहन्छ । यो सन्देश प्रत्येक ग्राकहमा पुऱ्याउनु कर्मचारीहरुको दायित्व हो । यसैले कम्पनीप्रति सदैव प्रतिबद्ध र इमानदार हुनुपर्दछ ।

विगतमा भइरहेको कमी-कमजोरी र टेलिकमले वास्तवमै प्रस्तुत गर्न नसकेका व्यापारिक रणकौशल अब प्रस्तुत गर्न सक्नुपर्छ । ग्राहकको रुचि र कम्पनीले प्रदान गरिरहेको सेवाको सही अनुगमन गरी प्राप्त कमजोरी समयमै नसच्याए कम्पनीको लोकप्रियतामाथि आँच आउन सक्नेतर्फ कर्मचारीहरु चनाखो हुनुपर्छ । त्यसैले 'ठीक व्यक्ति, ठीक स्थान' को व्यावहारिकरुपमा लागू हुनुपर्छ । कर्मचारीहरुमा अनुशासनको पालना हदैसम्म गराउनुका साथै आफ्नो कर्तव्य पनि बोध गराउनुपर्छ । यसका लागि पुरस्कार र दण्डको नीतिले गति लिहाल्नुपर्छ । आर्थिक रुपमा मात्र सम्पन्न भएर हुँदैन, मनोवृत्ति असल चाहिन्छ । निकट भविष्यमा टेलिकमको अंशियार बन्न गैरहेका हामी दूरसञ्चारकर्मीको एउटै उद्देश्य हुनुपर्छ, त्यो हो- अब राजनीति होइन, कम्पनी नीति ।

टेलिकम नामबाट नै प्रस्ट हुन्छ, यो प्राविधिक संस्था हो । यहाँको सबल प्राविधिक पक्षविना यसको विकास र विस्तारको कल्पना गर्नु मूर्खता हुनेछ, यो टेलिकमको मेरुदण्ड नै भयो । यसले दिएको योगदानले नै आज कम्पनी यो स्थानमा स्थापित हुन सक्षम भएको छ, यसलाई सबैबाट स्वीकार्नै पर्दछ । कमी-कमजोरी नहुने होइन, तर सुधारचाहिँ चुस्त र स्फुर्तरुपमा हुनुपर्छ । आफू मालिक भएको बिर्सेर विगतमा झैं कर्मचारी मात्र सम्झनु हुँदैन । त्यस्तै प्रशासन प्रणालीलाई हाम्रो जस्तो अल्पविकसित मुलुकमा सहजरुपमा लिने गरिन्छ । शरीरको सबै अंग तन्दुरुस्त भए पनि मुटुविना मानिसको कल्पना पनि गर्न सकिन्न, त्यसैले प्रशासन पक्ष भनेको सधैं निडर, निस्पक्ष र स्वतन्त्र हुनुपर्दछ । कुनै पनि कम्पनीमा सबैको आ-आफ्नै अहम् भूमिका हुन्छ । तसर्थ सबैले आ-आफ्नो पदीय दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ ।

नेपाल टेलिकमलाई सबल र सक्षम बनाउन कम्मर कसेका हौं भने हामी सबैमा कम्पनीप्रति सद्विचार र काम गर्ने स्वस्फूर्त भावना जाग्नु जरुरी छ । जस्तै- बोरामा भएको एउटा बिग्रेको आलुले सबै आलु नै कुहाइदिन्छ । त्यसैले अब कुनै पार्टी र विचारको आडमा कम्पनीको उद्देश्यमाथि कसैले पनि खेलबाड नगरौं । आफ्नो दक्षता र खूबीको सदुपयोगमा नलजाऔं । एकले अर्कालाई आदर गर्ने प्रण गरौं । पदको सम्मान गरौं । कार्यालयबाहिर नसके पनि भित्र अनुशासित बनौं । यसको अभावमा सबै निकाय र पदहरु निकम्मा हुन्छन् । अर्कोतर्फ नोपाल टेलिकम एउटा पसले हो, व्यापार हाम्रो पेसा हो भने ग्राहक हाम्रो लक्ष्मी सम्झी नेपाल टेलिकमको Goal 'ग्राहक सेवामा समर्पित' लाई केन्द्रविन्दु बनाएर अनुशासित र नम्र व्यवहारका साथ काम गर्नुपर्छ । हाम्रा अग्रजहरुले हामीलाई सुम्पेको गौरव गर्नलायक टेलिकमलाई हामी पछिका पिँढीलाई हामीले सुम्पदा अझ गौरव गर्नलायक होस् भन्ने कामनाका साथ आ-आफ्नो पदीय दायित्व निर्वाह गर्नुपर्छ । ●